सुन्दर , शान्त, समृद्ध, सभ्य, बगनासकाली गाउँको सार, आर्थिक सामाजिक पर्यटन र पुर्वाधार विकासको दिगो आधार

**बगनासकाली गाँउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट बक्तब्य**

- सभाध्यक्ष ज्यू,
- सभाका सम्पुर्ण सदस्य ज्यूहरू,

बगनासकाली गाउँपालिकाको गरिमामय **दशौं गाउँसभा** शुभारम्भ तथा आ.व. २०७८/७९ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुतीकरण सभामा पाल्नुहुने सभाका सम्पुर्ण सदस्य ज्यूहरूमा हार्दिक स्वागत गर्न चाहन्छु । यो गरिमामय **दशौं गाउँ** सभाको अवसरमा राष्ट्रिय स्वाधीनताको रक्षा, लोकतन्त्र प्राप्ति, तथा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि भएका जन आन्दोलन एवं बलिदानी पूर्ण संर्घषमा देश र जनताका लागि आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण महान शहीदहरूमा भावपूर्ण श्रद्धासुमन व्यक्त गर्न चाहन्छु । साथै कोभिड- ०१ महामारी र त्यसबाट जनजीबिकामा परेको असरलाई स्मरण गर्दै यस महामारी बिरूद्धको हाम्रो संघर्ष सफल गराउने प्रण लिएकी छु । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको तमाम प्रयासका बाबजुत कोभिड-०१ बिरूद्धको हाम्रो लडाई कहिले अन्त्य हुने हो एकिन छैन तथापि हामी सबैको सामुहिक प्रयास र स्वास्थ्य सावधानीबाट छिट्टै नै नियन्त्रण गर्न सफल हुनेछौं भन्ने बिश्वास लिएकी छु । कोभिड-०१ महामारीको कारणले उत्पन्न यस विषय परिस्थितीमा यस नीति तथा कार्यक्रमले रोग नियन्त्रण संगै समग्र विकासका गतिविधीलाई चलायमान बनाउने छ भन्ने बिश्वास गरेकी छु ।

परिस्थिती जटिल छ, चुनौती धेरै छन, सामना गर्नु नै छ र जिन्नु पनि छ । सामुहिक प्रयास दृढ इच्छा शक्ति, उच्च मनोबल र पूर्ण सावधानीले मात्र यस किसिमका बिपद् माथि विजय हासिल गर्न सकिन्छ ।विश्व जगतलाई आक्रान्त पारेको र सम्पूर्ण मानव सभ्यतालाई नै चुनौती दिएको यस महामारीका कारण बगनासकाली बासी लगायत स्वदेश र बिदेशमा जीवत गुमाउनु हुने सम्पूर्णमा श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनमा समवेदना व्यक्त गर्दछु । उपचाररत संक्रमीत बिरामीको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । कोरोना महामारीको यस जटिल परिस्थितीमा एकजुट भई रोकथाम र नियन्त्रणमा अग्रपंक्तिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, पत्रकार, सवारी चालक, नागरिक समाज लगायत सम्पूर्ण नागरिकहरू प्रति धन्यवाद एवं कृतज्ञता प्रकट गर्दछु ।

नयाँ भेरीन्टको कोभिडका कारण विश्वभर संकट पैदा भईरहंदा हाम्रो बगनासकाली गाउँपालिका पनि यसबाट अछुतो रहन सकेको छैन । कोरोना भाइरसबाट संक्रमितहरूलाई होम आईशोलेसन र कोभिड अस्पतालमा राखेर उपचार भईरहेको छ । आगामी दिनमा पनि संक्रमितको संख्या बढ्दै जाने सम्भावना प्रबल छ । देशव्यापी रूपमा भएको निशेषज्ञाले सार्वजनिक सेवा प्रवाह, विकास निर्माणका कार्यहरू नियमित रूपमा संञ्चालन गर्न अवरोध हुन पुगेको छ । कोभिड -०१ बाट उत्पन्न त्रासका कारण आम मानिसहरू आफ्ना दैनिक कामहरू नियमित रूपमा अगाडि बढाउनु नसकेको अवस्था छन् । यसबाट आगामी दिनमा थप चुनौती उत्पन्न हुने देखिन्छ । यसको सामनाका लागि अहिले देखि नै मानसिक, भौतिक र आर्थिक रूपमा तयार हुनुपर्ने छ । विकास निर्माण भन्दापनि महत्वपुर्ण मानिसको जीवन हुँदो रहेछ । जीउ, ज्यान बचाएर मात्र बिकास र निर्माणका अन्य कामहरू गर्नुपर्ने हुन्छ । यो तथ्य र यथार्थलाई मनन गर्दै बगनासकाली गाउँपालिकाका आम जनतालाई कोभिड - ०१ को संक्रमणबाट बचाउन, संक्रमितहरूलाई उपचार गर्ने दायित्व र जिम्मेवारी पनि हाम्रो काँधमा आईपरेको छ । यस संवेदनशील घडीमा महामारीको रोकथाम र नियन्त्रणका लागि हामीमा अझ अनुशासित, धैर्य तथा आत्मविश्वासको आवश्यकता रहेको छ । **"जीवन रहे जीवन सुधार्न र सिंगार्न सकिन्छ"** भन्ने मान्यतालाई आत्मसाथ गर्दै यस महामारीका विरूद्धको अभियानमा धैर्यतापुर्वक जुटन आवाहन गर्दछु ।

**"सुन्दर, शान्त, समृद्ध, सभ्य, बगनासकाली गाँउको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दिगो आधार"** भन्ने प्रमुख नीति एवं मूलमन्त्र सहित शुभारम्भ भएको हाम्रो यात्रा दिगो विकास, सु-शासन र जनसेवाका लागि शुभारम्भ गरिएको पनि करिब ४ वर्ष व्यथित हुन लागि सकेको छ । यस अवधिमा सुचाङ्गमा देखिने गरी नै विकास गर्न नसकिएता पनि हामी समृद्धिको दिशा तर्फ उन्मूख हुन जग बसाल्ने प्रयास गरिरहेका छौं । हामीले उज्यालो बगनासकाली अभियान, फुसरहित घर अभियान, बगनासकाली आवाज पत्रिका प्रकाशन, ऐन कानुन निर्माण, न्यायिक समिति गठन र सबलीकरण, वालमैत्री गाउँपालिका घोषणा, कृषि बिकासका लागि व्यवसायिकरण, आधुनिक्किरण र यान्त्रिकरणको शुरूवात, व्यवसायिक पशुपालन, जनताको स्वास्थ्यमा विशेष चासो, स्थानीय पाठ्यक्रम निर्माण, शैक्षिक योजना निर्माण गर्दै, पशुपंक्षी विकास एवं शैक्षिक गुणस्तर अभिवृद्धिका लागि गरिएका प्रयासहरू निरन्तर रूपमा जारी छन् । विषम परिस्थिती भएपनि यस बगनासकाली गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अत्यन्त गौरवान्वित भएकी छु ।

हाम्रो गाउँपालिकाको आर्थिक, सामाजिक, सांस्कृतिक विविधता एवं भौगोलिक अवस्थाका आधारमा हाम्रा विकासका पूर्वाधारहरू तय गर्दै जानु पर्ने अवस्था रहेको छ । स्थानीय तहमा क्रियाशील राजनैतिक दलहरू, स्थानीय समुदाय र गाउँपालिकाको संयुक्त प्रयासमा स्थानीय श्रोत, साधन र क्षमतालाई महत्तम परिचालन गरी सामाजिक, आर्थिक क्षेत्रमा परिवर्तन ल्याउन पूर्वाधार विकास एवं क्षमता विकासका कार्यक्रमहरू मार्फत विकासलाई अगाडि बढाउन उपयुक्त देख्दछु । गाउँपालिका भित्रका आर्थिक सामाजिक अवस्था कमजोर भएका आम जनताको भावनालाई समेटेर हामी जनसमुदायमा सन्तुलित विकासका लागि श्रोत परिचालन गर्नु पर्ने हाम्रा सामु चुनौती रहेको छ । सिमित श्रोत साधन, न्यून आन्तरिक श्रोत, आम जनतालाई दैनिक सेवा प्रवाह गर्नुपर्ने, हाम्रा कार्यालय भवन अस्थायी रहेको, वडा कार्यालय भवनहरू जीर्ण एवं अपुरा रहेका, प्राय गाउँपालिकाका सबै भेगमा सहज आवागमनका लागि बाह्रै महिना चल्ने सडक नभएको अवस्था हामी सामु छल, गै छ । उल्लेखित समस्या, चुनौतीहरूको सामना गर्न सबै गाउँवासीको सहयोग, सहभागिता, सहमति र समभन्दारीबाट मात्र सम्भव रहन्छ ।

**सभाका सदस्य ज्यूहरू,**

यस गाउँपालिकामा सडक, खानेपानी, विद्युत, शिक्षा, स्वास्थ्य जस्ता आधारभुत सेवा सुविधाको गुणस्तरमा वृद्धि गर्दै गाउँको छुट्टै पहिचान कायम गर्न ढिलो गर्न नहुने तर्फ सम्पूर्ण जनसमुदायहरू चनाखो हुनु पर्ने देखिन्छ । यस बगनासकाली गाउँपालिका क्षेत्रका महत्वपूर्ण योजनाहरूलाई यहाँका क्रियाशील राजनैतिक दल, सामाजिक संघ संस्था, समाजसेवी, उद्योगी, व्यवसायी, संचारकर्मी एवं आम जनताहरूको सहयोग र सहभागितामा अघि बढाउदै दिगो विकासलाई व्यवस्थित र स्थापित गराउन प्रयत्नशील रहेका छौं ।

स्थानीय सरकार संचालन ऐन, २०७४, बगनासकाली गाँउकार्यपालिकाबाट पारित गाउँ सभा संचालन कार्यविधि , २०७४ लगायत यससमा आवश्यक पर्ने अन्य ऐन, नियमहरूलाई आधार मानी सोही अनुसार कार्यान्वियनका लागि नीति तथा कार्यक्रम यस सभा समक्ष पेश गरेकी छु । यस नीति तथा कार्यक्रमहरू तयारीको क्रममा विभिन्न वडा समितिहरू, बिषयगत समितिहरू,विषयगत शाखाहरू, विभिन्न सामाजिक संघ संस्थाहरूको सुभाब सल्लाह र योजना तर्जुमा समितिको अगुवाई एंवम कर्मचारी साथीहरूको सक्रीय सहभागितामा नीति, कार्यक्रम तथा बजेट तयार गरी यस सभामा पेश गरेकी छु ।

बगनासकाली गाउँपालिका र तानसेन नगरपालिका बिचमा अन्तर सांम्बन्धित सरोकारका विषयमा छलफल र अन्तरक्रियालाई निरन्तरता दिइनेछ । दुवै स्थानीय तहको साभा/अन्तर सम्बन्धित सरोकारका विषयमा दुवै स्थानीय तहबाट सहकार्यमा योजना तथा कार्यक्रमहरू तयगरी साभेदारी विकासको अवधारणालाई अवलम्बन गर्न आवश्यक पहल गरिनेछ ।

आजको नीति तथा कार्यक्रम प्रस्तुतिकरण सभामा प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू सिंगो गाउँपालिकालाई समृद्धिको बाटोमा डोर्‍याउने आधारशिला बन्न सक्ने संभावना छन । नीति, कार्यक्रम तथा बजेट बनाउने क्रममा यहाँहरूले दिनुभएको राय सुभाव तथा अब प्राप्त हुने राय सुभावहरूलाई समेत आवश्यकता र औचित्यका आधारमा परिमार्जित गरी थपघट एवं संशोधन गरी गरिमामय गाँउसभाबाट पारित हुने आशा एंवम विश्वास लिईएकी छु ।

***आदरणीय उपस्थित सभाका सदस्य ज्यूहरू,***

आर्थिक वर्ष २०७८/०७९ को प्रस्तावित उद्देश्य, नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा निम्न बिषयलाई मार्गदर्शनको रूपमा लिइएको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- संघीय तथा प्रदेश सरकारका नीति,कार्यक्रम तथा बजेट सिलि, ,
- दिगो विकास लक्ष्य,
- चालु पंञ्चवर्षिय योजनाले निर्दिष्ट गरेका लक्ष्य,उद्देश्य र रणनीतिहरू,
- आर्थिक वर्ष ०७८/०७९ को लागि संघीय सरकारद्धारा प्रस्तुत बजेट वक्तव्य

- आर्थिक वर्ष ०७८/०७९ को लागि प्रदेश सरकारद्धारा प्रस्तुत बजेट वक्तव्य
- स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट निर्माण र सार्वजनिक सम्पत्ति हस्तान्तरण कार्यविधि, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यविभाजन नियमावली, २०७४
- बगनासकाली गाउँ कार्यपालिकाबाट पारित कार्यसम्पादन नियमावली, २०७४
- गाउँपालिकामा रहेका विषयगत समितिका सुझावहरू, बिभिन्न संजालका सुझावहरू, सरोकारवाला निकायहरू आदि
- लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना
- बगनासकाली गाउँपालिकाको प्रथम त्रिवर्षीय योजना

**सभाध्यक्ष महोदय,**

**अब, म गाउँपालिकाको दीर्घकालीन एंव बार्षिक क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

(०) **प्रमुख नीति** : गाउँको दिगो विकासका लागि **"समुन्नत शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँको सार आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधार "**

(२) **दीर्घकालीन नीति :**

- दीर्घकालीन विकासको लागि आवधिक त्रिवर्षिय योजना कार्यान्वियन गर्ने,
- गाउँको भू-उपयोग नीति तर्जुमा गरी समुन्नत कृषि गाउंको रूपमा विकास गर्ने,
- पर्यटन विकासको समुचित विस्तार र प्रवर्द्धन गर्ने,
- गाउँ क्षेत्रभित्रका सम्भावित क्षेत्रहरूको पहिचान गरी करको दायरा फराकिलो बनाउने,
- सार्वजनिक सम्पत्तिको पहिचान गरी संरक्षण र सम्वर्द्धन गर्ने ।
- सार्वजनिक, निजी, साझेदारीमा जोड दिने,
- शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, कला, संस्कृति र खेलकुदको विकास गर्ने,
- सूचना प्रविधिको विकास र विस्तार गरी सेवा प्रवाहलाई छरितो तुल्याउने,
- सरसफाई र वातावरण संरक्षणमा नमुना गाउँपालिकाको रूपमा रूपान्तरण गर्ने,
- यस चालु आ.ब.मा कोभिड- ०९ कोरोना भाइरसको महामारीले विषम परिस्थिती सिर्जना गरिरहेको तथ्यलाई मध्यनजर गरी लुम्बिनी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको छ । साथै अभियानलाई मुर्तरूप दिन आवश्यक बजेट विनियोजन गरी भविष्यका कर्णधार बालबालिकाको लागि लगानीका लागि प्रस्ताव गरिएको छ ।

(३) **उद्देश्य :**

- कोभिड -०९ को विश्वव्यापी महामारीको रोकथामको लागि एकमात्र उपायको रूपमा रहेको कोभिड विरूद्धको खोप सम्पुर्ण पालिकाबासीहरूलाई उपलब्ध गराउन पहल गरिनेछ ।
- विकासका पुर्वाधारहरूको पहुँच विस्तार गरी बस्तीस्तरसम्म विकासका अवसरहरूको पर्याप्त उपयोग गर्ने अवस्थाको सुनिश्चितता गर्ने,
- सन्तुलित, समावेशी र समन्यायिक विकासको अवधारणा मार्फत विभिन्न वर्ग, क्षेत्र, लि,, समुदाय र जातजातीको श्रोत साधनमा पहुँच अभिवृद्धि गर्ने,
- उत्पादनमूलक क्षेत्रमा व्यवसायिकता र उद्यमशीलताको विकास एवं सामाजिक परिचालन मार्फत गरिवी न्यूनीकरण गर्ने,
- विकासको दृष्टिले पछाडि परेका वडाहरूमा प्राथमिकताका आधारमा विकास कार्यक्रमहरू पुर्‍याई जनताको सामाजिक आर्थिक रूपान्तरण गर्ने,
- स्वच्छ सुरक्षित खानेपानी, सरसफाई र स्वास्थ्य सम्बन्धी चेतनाको अभिबृद्धि गरी दीर्घकालीन लक्ष्य प्राप्तिमा टेवा पुर्‍याउने,

- विकास कार्यक्रम तथा आयोजनाहरू सञ्चालन गर्दा सरोकारवालाहरू बीच समन्वय कायम गर्दै जनसहभागिता, पारदर्शिता र उत्तरदायित्व बढाई सु-शासनको प्रत्याभूति दिने,
- वातावरणमैत्री नीति योजना र कार्यक्रम तय गरी कार्यान्वयन गर्ने,
- कृषि एवं पशुपालनलाई व्यवसायिकरण गरी आय आर्जन वृद्धि गर्ने,
- समृद्ध, समुन्नत र श्रोत सम्पन्न आधुनिक गाउँपालिकाको रूपमा विकास गर्ने,

**(४) क्षेत्रगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ मा देहाय बमोजिमको क्षेत्रगत नीतिहरू अवलम्बन गरिनेछः-

**कोभिड -०९ कोरोना भाइरस महामारी रोकथाम तथा संकट व्यवस्थापन**

- कोभिड -०९ (कोरोना भाइरस) बाट संक्रमित नागरिकहरूलाई उपचारका लागि कोभिड अस्पतालमा राख्ने व्यवस्था मिलाउन आवश्यक बजेट व्यवस्थापन गरिनेछ,
- कोभिड -०९ का कारण मृत्यु भएका परिवारलाई राहत दिने व्यवस्था गरिनेछ,
- **कोभिड- ०९** संक्रमणको व्यापकताले सिर्जना हुन सक्ने परिस्थितिको आँकलन गरी बगनासकाली गाउँपालिकाले विभिन्न ठाउँमा सचेतना कार्यक्रम, एन्टिजेन पि् सि् आर परिक्षणको दायरा बृद्धि गरिनेछ,
- कोभिड महामारीबाट पिडित गाउँपालिका बासीहरूलाई कोभिडको दिगो रोकथामको लागि कोभिड बिरूद्धको खोपका लागि पहल गरिनेछ,
- कोभिड - ०९ भाइरसबाट संक्रमित व्यक्तिहरूलाई होम आइसोलेसनमा राखी समुचित उपचारको व्यवस्थापन गरिनेछ, साथै अति आवश्यक औषधिहरूको समेत व्यवस्था गरिनेछ,
- कोभिड -०९ को रोकथाम तथा नियन्त्रणको लागि अग्रपंक्तिमा स्वास्थ्यकर्मी तथा जनशक्तिलाई आवश्यक स्वास्थ्य सुरक्षाका समाग्रीहरू (मास्क, पंजा, सेनिटाईजर, पिपिई) र जोखिम भत्ताको लागि आवश्यक बजेट व्यवस्था गरिनेछ,
- कोभिड - ०९ महामारीबाट प्रभावित, अति विपन्न, श्रमिक तथा मजुदरहरूलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रबिधिको प्रयोग गरी कार्यान्वियन गरिने आयोजनाहरू छनौटमा प्राथमिकता दिइनेछ,

**क् आर्थिक बिकास नीति :**

- कृषिको व्यवसायिकरण, आधुनिकीकरण र यान्त्रिकरण गरी आर्थिक विकासको मेरूदण्डको रूपमा विकास गरिनेछ,
- कृषि उपज संकलन र ढुवानी तथा बजारीकरणमा कृषकलाई सहयोग गरिनेछ,
- कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्म निर्भरताका लागि उद्यमशीलताको प्रर्वद्धन गर्न मल, बीउ, कीटनाशक औषधिको उपलब्धता तर्फ ध्यान दिईनेछ,
- **व्यवसायिक पकेट क्षेत्र** , युवा स्वरोजगार, कृषि बिमा, गोठ सुधार, नश्ल सुधार जस्ता कार्यक्रमहरूलाई विशेष महत्व दिने नीति अवलम्वन गरिनेछ,
- **पशु पालन** व्यवसायलाई प्रोत्साहन गरी व्यवसायिकतातर्फ उन्मुख गरिनेछ,
- उत्पादनमा आधारित दुग्ध ढुवानी अनुदानको व्यवस्था गरीनेछ,
- बगनासकाली गाउँपालिकालाई मासु, दुध र तरकारीमा आत्म निर्भर बनाउन जोड दिईनेछ,
- यस गाउँपालिका भित्र रहेका वित्तीय संघ संस्थाहरूसँग असल समन्वय गरी लगानीको वातावरण तयार गरीनेछ,
- साना, मझौला तथा ठूला उद्योग स्थापना, संचालन एवं प्रवर्द्धन गरिनेछ,
- बगनास देवीस्थान, दर्लममहाकाली, राम नदि धाम, बौद्ध विहार, शिवासन मन्दिर जस्ता धार्मिक तथा पर्यटकीय स्थानहरूलाई ग्रामीण पर्यटनको रूपमा संरक्षण, विकास एवं प्रवर्द्धन गरिनेछ,
- अर्थतन्त्रको एक खम्बाको रूपमा रहेको सहकारीको सञ्जाल फराकिलो र बलियो बनाई आम जनताको आर्थिक -सामाजिक जीवनस्तर उठाउन प्रयत्न गरिनेछ,

**ख्‌ सामाजिक विकास नीति :**

- विद्यालयहरूको भौतिक पुर्वाधार निर्माणमा सहयोग गरी शैक्षिक गुणस्तर सुधार कार्यक्रममा जोड दिइनेछ,
- गाउँपालिका स्तरीय शिक्षा समितिलाई सक्रिय र प्रभावकारी बनाई शिक्षा सम्बन्धी कार्यक्रमहरूको समन्वय गरिनेछ,
- महिला, बालवालिका, आदिवासी/ जनजाती, दलित, अपा, , जेष्ठनागरिक, सिमान्तकृत वर्ग लगायत आर्थिक सामाजिक दृष्टिकोणले पछाडि परेका सबै वर्ग समूहलाई सीपमुलक, आयमुलक कार्यक्रम तर्फ उन्मुख गराईनेछ,
- यस क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरू, सामुदायिक स्वास्थ्य क्लिनिक, भौतिक निर्माण तथा गुणात्मक सेवाको विकास र विस्तारमा आवश्यक सहयोग पुऱ्याइनेछ,
- सुरक्षित मातृत्व, एम्बुलेन्स सेवा, स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, २४ घण्टे प्रसुति सेवा, बालवालिकाको पोषण सुधार र स्वास्थ्य शिविर जस्ता स्वास्थ्य कार्यक्रमलाई विशेष महत्व दिइनेछ,
- गाउँपालिका क्षेत्रभित्रका पानीका श्रोत तथा मुहानहरूको संरक्षण गरी आम जनतालाई स्वच्छ पिउने पानी सरल र सुलभ तरीकाले उपलब्ध गराईनेछ,
- **"राष्ट्रका लागि खेल, जीवनका लागि खेल"** भन्ने राष्ट्रिय नीतिलाई अवलम्बन गर्दै गाउँपालिकास्तरीय र वडास्तरीय खेलकुद मैदान व्यवस्थित गर्न पहल गरिनेछ,
- लागु औषध दुर्व्यसनी, धुम्रपान, मद्यपान तथा सुर्तीजन्य पदार्थको सेवन जस्ता सामाजिक विकृतिहरू हटाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ,
- बगनासकाली गाउँपालिकालाई छुवाछुत एंव भेदभाव मुक्त गाउँपालिका बनाउन आवश्यक कार्यक्रम ल्याई कार्यान्वियन गरिनेछ,
- विवाह, ब्रतबन्ध, चाडपर्व, मृत्यु संस्कार आदि सामाजिक कार्यहरूमा हुने भड्कीलो खर्चलाई निरुत्साहित गर्न आवश्यक पहल गरिनेछ,
- सामाजिक बिकृति बढाउने जाडरक्सी सेवन गरी हो-हल्ला गर्ने, अनाधिकृत रूपमा बिक्री वितरण, जुवातासलाई पुर्ण रूपमा निरुत्साहित गर्न पहल गरिनेछ,

**ग्‌ पूर्वाधार विकास नीति :**

- गाउँपालिकाका नौं वटै वडाहरूमा (चिर्तु, धारा, पोखराथोक, नायरनमतलेस, खानीछाप, दर्लमडाँडा, यम्घा, खानीगाऊ, चापपानी, बरा, दी) समेटेर सहज आवागमन गर्नका लागि बाह्रै महिना सवारी साधन चल्ने सडक बनाउने नीति लिइनेछ,
- गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्यलाई यसै आ.ब.मा अगाडी बढाईनेछ ।
- तानसेन नगरपालिका लगायत अन्य गाउँपालिकासँग समन्वय, सहकार्य र साझेदारी गर्दै राम्दी घाटमा एक स्तरीय जन्म देखि मृत्यु संस्कार सम्मका लागि व्यवस्थित स्थल निर्माण गरिनेछ,
- गाउँपालिकाले निर्माण गर्ने सडकलाई गरी कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरूको रूपमा बर्गीकरण गरी उक्त सडकहरूमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिनेछ,
- सडक योजनाहरू सर्भे, डिजाइन तथा इष्टिमेट पछि मात्र कार्यान्वियन गरिने नीति लागू गरिनेछ,
- गाउँपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क, सौर्य बत्ती जडान जस्ता पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ,
- भू-उपयोग योजना (**Land Pooling**) कार्यक्रम, वैज्ञानिक गाउँ विकास (**Town Planning**), राष्ट्रिय भवन निर्माण आधार संहिता, सडक मापदण्ड निर्धारिण जस्ता कार्यक्रम तयार गरी लागू गर्न प्राथमिकता दिइनेछ,
- सडक निर्माण गर्दा वातावरण संरक्षण सहितको दीगो विकासको नीति अवलम्बन गरिनेछ,
- संघीय सरकार, प्रदेश सरकार संगको सहकार्य र सह लगानीमा सडक निर्माणलाई प्राथमिकता दिइनेछ,
- आर्थिक बृद्धिलाई योगदान पुग्नेगरी सुरक्षित सडक पूर्वाधारको बिस्तार गरिनेछ,
- कृषि, उद्योग, ब्यपार , जलबिद्युत, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी अन्य स्थानीय तह तथा प्रदेशका रणनीतिक सडक संजाल संग आबद्धता बढाइनेछ,

- गाउँपालिका भित्रका प्रमुख सडकहरूको नियमित मर्मत संभार गरी बर्षै भरी संचालन ल्याइनेछ ।

**घ बातावरण तथा विपद् व्यवस्थापन नीति :**

- कोभिड-0९ र यस बाहेकका विपद्हरूको रोकथाम तथा न्युनीकरणको लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरिनेछ,
- पुर्वाधार विकासका क्रियाकलाप संचालन गर्दा विपद् जोखिम संवेदनाशीलतालाई केन्द्र बिन्दुमा राखी कार्यान्वियन गर्न सहयोग पुग्ने गरी डिजाईन तथा व्यवस्थापन गरिनेछ,
- वातावरणमैत्री स्थानीय शासन अवलम्वनमा जोड गरिनेछ,
- गाउँपालिकाको मुख्य नीति सुन्दर, शान्त, समृद्ध, सभ्य बगनासकाली गाउँपालिकाको सार, आर्थिक, सामाजिक, पर्यटन र पूर्वाधार विकासको दीगो आधारलाई मुर्तरूप दिइनेछ,
- गाउँपालिकालाई पूर्ण सरसफाई तर्फ अगाडि बढाउने खालका कार्यक्रमहरू ल्याइनेछ,
- फोहरमैलालाई घर घरमा वर्गीकरण गरी आफै व्यवस्थापन गर्न उत्प्रेरित गर्ने कार्यलाई अभियानका रूपमा लिइनेछ,
- स्थानीय स्तरमा स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्युनिकरण समितिलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ,
- भू-क्षय, बाढी, पहिरो, आगलागी/डढेलो नियन्त्रणका लागि विभिन्न संघ संस्थाहरूको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ,
- गाँउपालिका क्षेत्र भित्र उत्पादन हुने जैविक र अजैविक फोहोरहरूको वैज्ञानिक व्यवस्थापन गर्न पहल गरिनेछ,
- सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रमा बृक्षारोपण सम्भार उपयोग र व्यवस्थापन गर्ने नीति अवलम्बन गरिनेछ ,

**ङ संस्थागत विकास,सेवा प्रवाह र सुशासन नीति :**

- कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाईको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना प्रविधि मैत्री बनाउन बिषेश ध्यान दिईनेछ,
- कार्यालय व्यवस्थापन, सार्वजनिक सेवा प्रवाहमा प्रभावकारीता ल्याइनेछ,
- प्रशासनिक खर्चलाई सीमा भित्र राख्न आन्तरिक राजश्व वृद्धि एवं प्रशासनिक खर्च मितव्ययी बनाउन अधिकत्तम प्रयास गरिनेछ,
- स्थानीय शान्ति सुरक्षा कायम गर्न एवं सामाजिक विकृति विसंगती विरूद्धका गतिविधिहरू रोक्न प्रहरी कार्यालयहरूसँग समन्वय गरिनेछ,
- न्यायिक सेवा प्रवाहका लागि उचित कार्यकक्षको व्यवस्था गरिनेछ,
- गाउँपालिकाको आम्दानी र खर्च त्रैमासिक रूपमा सार्वजनिकीकरण गरिनेछ,
- सुशासन अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, नागरिक वडापत्र, नोडेल अफिसर, सूचना अधिकारी जस्ता विषयलाई उचित चासो दिइनेछ,
- विकास निर्माण र जनसेवालाई प्रभावकारी बनाउन गाँउपालिका कार्यालय र वडा कार्यालयलाई साधन र स्रोत सम्पन्न गराउन विशेष पहल गरिनेछ ।
- गाँउपालिकालाई **Free Wifi Zone** निरन्तरता दिइनेछ,
- प्रत्येक वडा कार्यालयहरू, विद्यालयहरू तथा स्वास्थ्य सस्थाहरूलाई गाँउपालिकासंग इन्टरनेट **Networking** गरि समन्वय तथा निगरानी गरिनेछ,
- गाउँपालिकामा रित्त रहेका पदहरूसा पूर्ति गर्दै लगिनेछ,
- नागरिकले पाउनु पर्ने हरेक सूचना सरल र सहज रूपमा सुचना अधिकारी मार्फत उपलब्ध गराइनेछ,
- कर्मचारीहरूलाई उत्प्रेरित गरी सिमित जनशक्तिबाट अधिकतम उपलब्धी हाँसिल गर्न उचित सम्मान, पुरस्कार र दण्डको नीति अवलम्वन गरिनेछ,

- सेवाप्रवाहको लागि आवश्यक पर्ने न्युनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चहरू कटौती गर्ने नीति अवलम्बन गरिनेछ,
- कोभिड-०९ को कारण उत्पन्न असहज परिस्थितीको सामना गर्न तत्कालीन आवश्यकता पहिचान गरी प्राथमिकतामा परेका क्रियाकलापहरू कार्यान्वयन गर्न निजी क्षेत्र, स्थानीय तहका कार्यरत गैर सरकारी संस्था, सहकारी संस्था तथा स्थानीय सामुदायिक संस्थाहरूलाई परीपुरक भुमिकामा परिचालन गर्ने नीति अवलम्बन गरिनेछ,
- गाउँपालिका कार्यालयको २४ घण्टा सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न २ जना सुरक्षागार्डको व्यवस्था गरिनेछ,
- गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी र करार सेवामा कार्यरत कर्मचारीको मनोवल उच्च बनाई सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ,

**५ बिषयगत नीति :**

गाउँपालिकाले आर्थिक वर्ष ०७८/७९ मा देहाय वमोजिमका बिषयगत नीतिहरू अवलम्बन गरीनेछ :-

**(क) राजस्व तर्फ :**

- सिमित स्रोत र साधनको उच्चतम सदुपयोगका निम्ति परिचालन गरीनेछ,
- राजस्व तर्फ चालु आ.व. मा बगनासकाली गाउपालिकाबाट लिइदै आएको विभिन्न शीर्षक अनुसारको दस्तुरमा राजस्व परामर्श समितिको सिफारिसमा यस सम्मानित गाउँसभाबाट यस आ.व.का लागि पारित गरिने सबै कर, महशुल, दस्तुर, शुल्क, रोयल्टी, जरिवाना र मापदण्डहरूको कार्यान्वियन गरीनेछ,
- राजस्वका दरहरू जनमैत्री तथा दायराहरू फराकिलो बनाउदै लगिने नीति अबलंम्बन गरीनेछ,
- कर सहभागिता र सचेतना अभिबृद्धि कार्यक्रम संचालन गरीनेछ,

**(ख) कृषि तर्फ :**

- निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक र प्रतिस्प्रर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी जीवनस्तरमा क्रमिक सुधार ल्याइनेछ,
- उर्वर कृषि भूमिलाई गैर कृषि कार्यको लागि प्रयोगमा ल्याउने कार्यलाई निरूत्साहित गरिनेछ । खेतीयोग्य बाँझो जग्गाको अभिलेखिकरणलाई व्यवस्थित गरी उपयोग गरिनेछ,
- बढी उत्पादन हुने बढी मुल्य जाने बालीको पहिचान गरी बाली विशेष उत्पादन पकेट क्षेत्र निर्माण गरिनेछ,
- कृषि उपज संकलन केन्द्रको संचालन प्रशोधन, संचय र ढुवानी गर्ने कार्यलाई कृषि सहकारी मार्फत संचालन हुने गरी विशेष अनुदानको व्यवस्था गरिनेछ,
- युवा लक्षित कृषि कार्यक्रम संचालन गरी युवालाई कृषिमा आकर्षक हुने खालको कार्यक्रम ल्याईनेछ,
- हानिकारक किटनाशक औषधिको अत्यधिक प्रयोग गरी कृषि उत्पादन गर्ने वर्तमान प्रवृतिलाई निरूत्साहित गरी समूहमा अर्गानिक खेतीगर्ने किसान समूह, सहकारीलाई जैविक मल बनाउने तालिम र बीउमा अनुदान एवं अर्गानिक उत्पादनको पहिचान सहित बजारीकरणमा सहयोग गरिनेछ,
- व्यवसायिक रूपले कृषि व्यवसाय गर्ने कृषक, कृषक समूह, कृषि सहकारीलाई विशेष अनुदानको व्यवस्था गरिनेछ,
- स्थानीय स्तरमा निम्न आयश्रोत भएका महिला, दलित, एकल महिला, सिमान्तकृत वर्ग तथा विपन्न वर्गलाई विउ, मल आदिमा अनुदानको कार्यक्रम निरन्तरता दिईनेछ,
- तरकारी, फलफुल नर्सरी र नमुना फार्म स्थापनाका लागि अनुदान सहयोगको व्यवस्था मिलाईनेछ,
- गाउँपालिकाको भौगोलिक बनावटलाई दृष्टिगत गरी बेमौषमी तरकारी खेती, रैथानेबाली संरक्षण र प्रबर्द्धनका लागि कृषकलाई प्रोत्साहन गर्ने कार्यक्रम ल्याइनेछ,
- कृषि उत्पादन बढाउन एवं संरक्षण गर्न **बाली बिमा** कार्यक्रम ल्याइनेछ । बाँदर, दुम्सी लगायतका वन्यजन्तुहरूबाट बालीनाली क्षति गर्न नदिन विशेष पहल गरिनेछ,

- नयाँ प्रबिधिमा आधारित कृषि कार्यक्रमहरू र कृषि यान्त्रिकरणमा विगत देखि दिईएको अनुदानलाई क्रमशः बढाउदै लगिनेछ,
- कृर्षि उद्यमशीलता कार्यक्रम सञ्चालन गर्दै प्रबिधियुक्त तालिम प्रबिधि हस्तान्तरणमा अनुदान दिने ब्यवस्था मिलाईनेछ,
- अनुसन्धान र परिक्षण उत्पादनबाट प्रमाणित र उपयुक्त देखिएका उन्नतजातका बीउ बीजनको प्रयोग मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गरीनेछ,
- कृषि उत्पादन बजारीकरणका लागि सडक पूर्वाधार, हाटबजार, कृषि उपज संकलन केन्द्र, सहकारी क्षेत्रको विकास र बिस्तार गरिनेछ,

**(ग) पशुपालन तर्फ :**

- पशुपालन ब्यवसायलाई आधुनिक र ब्यवसायिकरण तर्फ उन्मुख गराईनेछ,
- मासु , अण्डा र दुधमा आत्मनिर्भर हुने खालका कार्यक्रम ल्याइनेछ,
- पशुजन्य पदार्थमा गुणस्तर नियमन गरी स्वस्थ पशुजन्य उत्पादनको उपभोग गर्न पाउने अधिकार सुनिश्चित गरिनेछ,
- कृषकहरूलाई दुग्ध उत्पादकमा प्रोत्साहन गर्न दुध ढुवानीमा अनुदान दिईने ब्यवस्था मिलाईएकोछ,
- कृत्रिम गर्भाधान सेवालाई ब्यवस्थित र सहज बनाइनेछ,
- पशुमा उन्नत नश्ल सुधार गरी उत्पादनमा वृद्धि गरिनेछ,
- घाँसमा आधारित पशुपालन गरी उत्पादन लागत घटाइनेछ,
- पशुपालन ब्यवसायलाई स्वरोजगारमुखी बनाई युवा स्वरोजगार मार्फत वैदेशिक रोजगारमा जाने क्रमलाई न्यूनीकरण गर्न पहल गरिनेछ,
- पशुजन्य उत्पादनलाई बजारीकरण र विविधिकरण गरिनेछ,
- गुणस्तरीय तथा स्वस्थकर पशुजन्य उत्पादनको वेचबिखनलाई बजारीकरण र नियमन गरिनेछ,
- पशु रोगहरूको पहिचान गरी रोग लाग्नबाट बचाउन पशु स्वास्थ्य सेवा कृषक समक्ष पुऱ्याइनेछ,
- एक गाउं एक प्राविधिक राष्ट्रिय कार्यक्रमलाई निरन्तरता दिई प्रभावकारी बनाइनेछ,
- अध्यनन अनुसन्धान र परिमाणबाट सिफारिस गरिएको उन्नत जातको नश्लको प्रयोग मार्फत उत्पादन र उत्पादकत्वमा जोड दिइनेछ,
- पशुपंक्षीको नश्ल सुधार, पौष्टिक दाना, आहारको ब्यवस्था र पशुपंक्षी स्वास्थ्य सेवा प्रदान गरिनेछ,

**(घ) शिक्षा तर्फ :**

- कोभिड - ०९ का कारण विद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक विधिहरूको प्रयोग गरी पठनपाठन सुचारू गर्न आवश्यक ब्यवस्था मिलाईनेछ,
- गाँउपालिका भित्रका सबै बालबालिकाहरू विद्यालय भर्ना गर्ने र कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने नीतिलाई अवलम्बन गरिनेछ,
- विद्यालय भर्ना नभएका प्राथमिक उमेर समूहका सम्पूर्ण बालबालिकालाई विद्यालय भर्ना गराउन वडा सदस्यहरू मार्फत प्रोत्साहित गरिनेछ,
- शिक्षकहरूको शिक्षण सिकाइ क्षमता अभिवृद्धि गर्नका लागि विषयगत तथा सूचना प्रविधि तालिम दिइदै लगिनेछ,
- शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक सामाग्री, भौतिक सामाग्री, विज्ञान र कम्प्युटर प्रयोगशाला जस्ता विषयमा सहयोग पुऱ्याइनेछ,
- बगनासकाली गाउँपालिकाको स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गरी विद्यालयहरूमा लागु गरिनेछ,

- शिक्षकहरूलाई पाठ्यपुस्तक, पाठ्यक्रम लगायत नविनतम ज्ञानको पुर्नताजगीका लागि प्रतियोगात्मक कार्यक्रमहरू संचालन गरिनेछ,
- संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन तथा गुणस्तर वृद्धि गर्न सबै विद्यालयहरूलाई सहकार्य गर्न जोड दिइनेछ,
- बालविकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न बालमैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिइनेछ,
- गुणस्तरीय शिक्षा र मितब्ययिताका लागि विद्यालय मर्जको ब्यवस्थालाई अवलम्बन गरिनेछ,
- गाउँपालिका भित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूको पठन-पाठनलाई एकरूपता ल्याउन पाठ्यक्रम तथा पाठ्यपुस्तकको एकरूपता गर्ने नीति अवलम्बन गरिनेछ,
- प्राविधिक शिक्षा संचालन भएका विद्यालयहरूलाई भौतिक पुर्वाधार निर्माणमा विशेष जोड् दिईनेछ,
- शिक्षाको गुणस्तरमा सुधार गर्न लगानीमा बृद्धि गरिनेछ,
- बिद्यार्थी संख्या र विषयको आधारमा सबै सामुदायिक विद्यालयमा दरबन्दी मिलान गरिनेछ,

**(ङ) स्वास्थ्य तर्फ :**

- स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनी तोकिएको सबै आधारभुत स्वास्थ्य सेवाहरू सम्पुर्ण जनताहरूको पहुँचमा पुराईने छ,
- आगामी वर्ष भित्रमा थप एक वटा स्वास्थ्य संस्थामा प्रसुती केन्द्र स्थापना गरी सेवा विस्तार गरिनेछ,
- स्वास्थ्य संस्था भन्दा टाढा रहेका स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना भई सेवा सञ्चालन गरिनेछ,
- बगनासकाली गाउँपालिका ०५ शैयाको अस्पताल स्थापना गर्न पहल गरिनेछ,
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिबृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ,
- बालमृत्युदर र मातृमृत्युदर घटाउन शुन्य होमडेलीभरी घोषणालाई प्रभावकारी बनाउन सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता गरिनेछ,
- शुद्ध खानेपानीको ब्यवस्थापन गरी पानीजन्य रोगलाई न्यूनीकरण गरिनेछ,
- गाउँपालिका भित्रका किशोर किशोरीहरूको स्वास्थ्य सचेतना अभिवृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ,
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी तथा महिला स्वा. स्वयम सेविकाहरूको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट कर्मचारी/म.स्वा.से. लाई पुरस्कृत गरिनेछ,
- दिर्घरोग लाग्नबाट बचाउन नियन्त्रणमुखी कार्यक्रम ल्याइनेछ । दिर्घरोग लागि सकेका जनतालाई आवश्यकता र औचित्यताका आधारमा नि:शुल्क औषधि उपलब्ध गराउने नीति लिइनेछ,
- गाउँपालिका भित्रका रहेका सबै स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य चौकी स्तरको पुर्वाधारको ब्यवस्थापन गरिनेछ । साथै यस्ता पूर्वाधारहरू अपा, मैत्री बनाइनेछ,
- बगनासकाली गाउँपालिकालाई पूर्ण पोषणयुक्त गाउँपालिका घोषणा गर्नेगरी सुनौला हजार दिनका आमा तथा तिनका बालबालिकाको पोषण सुधारका लागि यस बर्ष देखि कार्य थालनी गरिनेछ,
- महामारी ब्यवस्थापनका लागि आवश्यक साधनस्रोत सहित रेपिड रेस्पोन टिम सधै तयारी अवस्थामा रहने ब्यवस्था गरिनेछ,
- गाउँपालिका भित्र स्वस्थ जीवन शैलीको अभ्यासका लागि योग शिविर, स्वास्थ्य शिविर, प्राकृतिक चिकित्साको अवलम्बन गर्न प्रोत्साहित गरिनेछ,
- गाउँपालिका भित्र स्वास्थ्य संस्थाहरूमा क्रमश आवश्यकता अनुसार प्रयोगशाला स्थापना गर्दै लगिनेछ,
- स्वास्थ्य केन्द्र मार्फत गर्भवती जाँच सेवालाई प्रभावकारी बनाइनेछ,
- ०५ शैयाको कोभिड अपस्तालका लागि जग्गा ब्यवस्थापन गरी निर्माण कार्यलाई अगाडी बढाइनेछ,

**(च) पर्यटन तर्फ :**

- यस क्षेत्रका सम्भावित पर्यटकीय क्षेत्रहरूको पहिचान गरी ब्यवस्थित गर्न पहल गरिनेछ,

- गाउँपालिका भित्र रहेका महत्वपुर्ण धार्मिक पर्यटकीय क्षेत्रहरूको संरक्षण एंव प्रवर्धन गरिनेछ,
- स्थानीय उत्पादनलाई पर्यटनसंग आवद्ध गर्ने अभियान संचालन गरिनेछ,

**(छ) युवा तथा खेलकुद तर्फ :**

- गाउँपालिकाका युवा जनशक्तिहरू साथ-साथै विदेशबाट फर्किएका युवाहरूलाई स्वदेशमै बसी कृषि, पशुपालन जस्ता व्यवसायमा आकर्षित गर्ने तर्फ उन्मुख गर्न पहल गरिनेछ,
- वैदेशिक पलायन रोक्न स्वदेशमै स्वरोजगार हुन चाहने युवा जनशक्तिलाई युवा लक्षित विशेष कार्यक्रम ल्याइनेछ,
- सामाजिक विकृतिमा फसेका युवा/युवतीहरूलाई त्यस्ता गतिविधिबाट टाढा राख्न सचेतनामुलक कार्यक्रम ल्याईनेछ,
- स्वास्थ्यका लागि खेलकुद आवश्यक भएकोले पालिका स्तरीय खेलकुद कार्यक्रम आयोजना गरिनेछ,
- युवालाई सकारात्मक सोच विकासको अभियान प्रारम्भ गरिनेछ,
- खेलमैदान र खेलका प्रतियोगिता संचालन गरिनेछ,
- युवालाई उद्यम व्यवसाय संचालनमा प्रोत्साहन गरिनेछ,
- युवालाई लागुपदार्थ दुर्व्यसनी रोक्न सचेतना कार्यक्रम संचालन गरिनेछ,

**(ज) गरिवी निवारण तर्फ :**

- यस गाउँपालिकाका विपन्न घरपरिवारहरूको अभिलेख व्यवस्थापन गरी उनीहरूलाई गरिब घरपरिवार परिचय पत्र वितरण गरिनेछ । सोको आधारमा प्रत्यक्ष लाभान्वित हुनेखालका कार्यक्रमहरू तय गरिनेछ,
- गरिव घरपारिवारहरूका लागि आर्थिक, सामाजिक विकासको लागि स्वरोजगारमूलक, सीपमूलक तालिमहरू संचालन गरिनेछ,
- लघु उद्यमको माध्यमबाट रोजगारी सिर्जना गरी आय-आर्जन बृद्धि गरिनेछ ।

**(झ) सहकारी तर्फ :**

- गाउँपालिका क्षेत्रभित्रका सहकारीहरूको सञ्जाललाई सबल र सक्षम बनाइनेछ,
- कृषि र पशु सेवा तर्फका कार्यक्रमहरूलाई सहकारी मार्फत परिचालन गर्न पहल गरिनेछ,
- छरिएर रहेका सहकारी संस्थाहरूलाई एकीकरणका लागि पहल गरिनेछ,
- गाउँपालिका क्षेत्रभित्रका सहरकारीहरूको सुदृढ बनाउन अनुगमनलाई प्रभावकारी बनाईने छ ।
- युवा, महिला, गरिब, सिमान्तकृत व्यक्ति वा समुदायको जीवनस्तरमा सुधार ल्याउन सहकारीको उपयोग गर्ने,

**(ञ) सुचना तथा सञ्चार तर्फ :**

- सुचना तथा सञ्चारमा गुणस्तरीयता, व्यवसायिकता र स्वच्छ अभ्यासलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिनेछ,
- सुचना तथा प्रविधिको उपयोगलाई सहज र सरल बनाउने नीति लिइनेछ,
- सुचनाको पहुँचलाई प्रभावकारी बनाउन ग्रुप SMS प्रबिधि प्रयोग गरिनेछ,
- गाउँपालिकाको मोबाईल एप्सका माध्यमबाट सरल र सहज रूपमा सेवा, सुचना, जानकारी लिन सक्ने र आफ्ना गुनासा प्रकट गर्न सक्ने व्यवस्था गरिनेछ,
- सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको अधिकतम प्रयोग गरी सुशासनको प्रत्याभुती दिलाइनेछ,

**(ट) लक्षित वर्ग तर्फ :**

**(अ) महिला तर्फ :**

- महिलाहरूको क्षमता अभिवृद्धिको लागि आयमुलक, सिपमुलक र रोजगारमुलक विभिन्न कार्यक्रम संचालन गरिनेछ,
- एकल महिला/महिलाहरूको लागि आयमूलक कार्यक्रमका लागि विशेष अनुदानको व्यवस्था गरिनेछ,
- महिला हिंसा, घरेलु हिंसा, चेलीबेटी बेचबिखन जस्ता जघन्य अपराध विरूद्ध विविध कार्यक्रम ल्याइनेछ,
- महिला अधिकार सम्बन्धी जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ,
- लैगिक हिंसा निवारण कोषलाई निरन्तरता दिइनेछ,
- महिला सहकारी संस्थालाई महिलाका उत्पादनमुलक व्यवसाय तथा स्वारोजगारका क्षेत्रमा परिचालन गर्ने वातावारण सिर्जना गरिनेछ,
- महिला बिरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक तथा संरक्षणात्मक उपायद्धारा न्यायमा पहुँच अभिबृद्धि गरिनेछ,
- सिमान्तकृत वर्ग समुदायका महिलालाई तालिम, अनुदान , सहभागिता, सशक्तिकरण, क्षमता विकास मार्फत मुल प्रबाहीकरण गरिनेछ,

**(आ) बालवालिका तर्फ :**

- बालवालिकाहरूको विकासका गतिविधिहरू संचालन गर्न गाउँपालिकामा गाउँपालिकास्तरीय र प्रत्येक वडामा वडास्तरीय वाल सञ्जालहरू, समुदाय, विद्यालयहरूमा गठित बाल क्लबलाई सक्रीय बनाइनेछ,
- विद्यालय भर्ना हुन र अध्ययन गर्न नसक्ने गरिव, विपन्न र अपा‌ङ्गता भएका बालवालिकाहरूलाई गाउँपालिकाबाट विशेष छात्रवृत्ति र सहयोग उपलब्ध गराइनेछ,
- बालविवाह न्युनीकरणका लागि सरोकारवाला निकायसँग साझेदारी गरी कार्यक्रम संचालन गरिनेछ ।
- बगनासकाली गाउँपालिकालाई वालश्रममुक्त गाउँपालिका बनाईनेछ,
- अभिभावक विहिन बालबालिकाको उचित स्याहार सम्भारको व्यवस्थापन गरिनेछ,
- बाल राहत उद्धार तथा पुर्नस्थापना कोष संचालन गरिनेछ,
- विद्यालयहरूमा बालमैत्री वातावरण, व्यवहार निरन्तरता दिईनेछ,
- बालमैत्री गाउँपालिका घोषणा पश्चातको लगानी योजना अनुसार कार्यक्रहरू संचालन गरिनेछ,
- बालमैत्री दिगोपना रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वियन गरिनेछ,
- बालमैत्री स्थानीय शासन प्रबर्द्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ,
- बालमैत्री स्थानीय शासन कार्यान्विय रणनीतिक योजना अनुसार बालबचाउ, बालसंरक्षण, बालबिकास र बाल सहभागिता संग सम्बन्धित सबै कार्यक्रम समय तालिका आधारमा संचालन गरिनेछ,

**(इ) दलित तर्फ :**

- दलित वर्गको समग्र आर्थिक सामाजिक उन्नतीको लागि परम्परागत ज्ञान र सीपलाई व्यवसायिक बनाउन विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ,
- दलित वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ,

**(ई) आदिबासी/जनजाति तर्फ :**

- आदिवासी तथा जनजाती वर्गको समग्र आर्थिक सामाजिक विकासका लागि सीपमूलक तालिम र सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्न पहल गरिनेछ,
- आदिबासी/जनजाती वर्गको उत्थानका लागि मागमा आधारित कार्यक्रम संचालन गरिनेछ,

**(उ) जेष्ठ नागरिक तर्फ :**

- जेष्ठनागरिकहरूका लागि आफ्नो समान आत्मसम्मान हुने गरी सम्मान गरिनेछ,

- अनुभवका खानीका रूपमा रहेका जेष्ठनागरिकहरूको बौद्धिक ज्ञान उपयोग गर्ने विशेष कार्यक्रम ल्याइने छ,
- जेष्ठ नागरिकहरूको उचित स्याहार-सुसार तथा आदर गर्ने परिवार/संरक्षकलाई विशेष पुरस्कार र सम्मान गर्ने कार्यक्रम ल्याइनेछ,
- सामाजिक सुरक्षा भत्ता एवं जेष्ठ नागरिक परिचय पत्र वितरणलाई सहज र सर्वसुलभ बनाइनेछ,
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गरी सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको आधारमा जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ,

**(ङ) अपा. तर्फ :**

- अपा. वर्गको वर्गीकृत तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ,
- गाउँपालिका क्षेत्रभित्रका अपा. हरूलाई आवश्यकता अनुसार ह्विलचियर, सेतोछडी जस्ता सामाग्री वितरण गरी जीवन सहज गराउन पहल गरिनेछ,
- पूर्णरूपमा अपा. भएका व्यक्तिहरूका लागि नि:शुल्क स्वास्थ्य विमा गर्ने नीतिलाई प्राथमिकता दिइँदै लगिनेछ,
- अपा. ता भएकाहरूको हक अधिकार सम्बन्धी जानकारीमूलक कार्यक्रम संचालन गरिनेछ,
- अपा. को अधिकार र क्षमता उपयोगको विषयमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ,
- गाउँपालिका भित्र बसोबास गर्ने अपा. ता भएको व्यक्तिको अभिलेख व्यवस्थापन गर्दै क्षमताको पहिचान गरिनेछ,
- अपा. परिचयपत्र वितरण कार्यलाई सहज र सर्वसुलभ बनाइनेछ,

**सभाध्यक्ष महोदय,**

**अब म चालु आ. ब. ०७७/०७८ को जेष्ठ मसान्त सम्मको यथात संक्षिप्त बजेट खर्च विवरण उल्लेख गर्न चाहन्छु ।**

| क्र. स. | आ. ब. ०७७/७८ को जेष्ठ मसान्त सम्मको | जम्मा रू. |
|---|---|---|
| ० | कुल प्राप्त बजेट | ४७,९७,३०,०००।- |
| २ | चालु खर्च तर्फ | ०८,६३,७५,३११।- |
| ३ | पुँजीगत खर्च तर्फ | ४,६१,३४,०१४।- |
| | **जम्मा खर्च :** | **२३,३३,०१,५१३।-** |
| | **कुल खर्च** | **४८.६३ प्रतिशत** |

सभा अध्यक्ष ज्यू, चालु आ. ब. ०७७/०७८ को जेष्ठ मसान्त सम्म खर्च पुँजीगत तर्फ **४ करोड ६१ लाख ३४ हजार ० सय १४ (३३.००प्रतिशत)** र चालु तर्फ **०८ करोड ६३ लाख ७५ हजार ३ सय ११ (५५.०५ प्रतिशत)** गरी जम्मा कुल खर्च **२३ करोड ३३ लाख १ हजार ५ सय १३ (४८.६३ प्रतिशत)** खर्च भएको छ।

**सभा अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, सभाका सदस्य ज्यूहरू, अब म आर्थिक वर्ष ०७८/०७९ का लागि संक्षिप्त आय अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**बजेटको संक्षिप्त विवरण**

## आ ब ०७८/०७९ बगनासकाली गाउँपालिकाको आय, व्यय विवरण

| क्र. स | आ ब ०७८/०७९ आयतर्फ | रकम | क्र. स | आ ब ०७८/०७९ व्यय तर्फ | रकम |
|---|---|---|---|---|---|
| ० | **संघीय सरकार** | | | | |
| | समानीकरण अनुदान (संघीय सरकार) | ००,०९,००,०००।- | ० | गा पा चालु तर्फ | ७,८६,८८,४३७।- |
| | शशर्त अनुदान ( संघीय सरकार) | २०,७०,००,०००।- | २ | गा पा पुँजीगत तर्फ | ८,७०,००,०००।- |
| | समपुरक अनुदान | ४२,००,०००।- | ३ | वडा तर्फ कुल बजेट | ४,६०,००,०००।- |
| | **जम्मा** | **३२,२२,००,०००।-** | ४ | शशर्त अनुदान ( संघीय सरकार) | २०,७०,००,०००।- |
| २ | **प्रदेश सरकार तर्फ :** | | ५ | विशेष अनुदान ( संघीय सरकार) | ४२,००,०००।- |
| | समानीकरण अनुदान | ४७,०६,०००।- | ६ | शशर्त अनुदान ( प्रदेश सरकार ) | ८५,४४,०००।- |
| | समपुरक अनुदान | ०,५०,००,०००।- | ७ | विशेष अनुदान ( प्रदेश सरकार ) | ६०,००,०००।- |
| | सशर्त अनुदान | ८५,४४,०००।- | | | |
| | बिशेष अनुदान | ६०,००,०००।- | ८ | समपुरक अनुदान (प्रदेश सरकार ) | ०,५०,००,०००।- |
| | **जम्मा :** | **३,४२,६०,०००।-** | | | |
| ३ | **राजस्व बाँडफाँड** | | | | |
| | भ्याट र अन्त शुल्क | ६,५०,७९,०००।- | | | |
| | बन रोयल्टी | ७९,४५८।- | | | |
| | सवारी साधन | ६५,०३,९७९।- | | | |
| | बिद्युत रोयल्टी | ०,०५,००,०००।- | | | |
| | **जम्मा :** | **८,२०,७२,४३७।-** | | | |
| ४ | **अन्य आय** | | | | |
| | आन्तरिक आय | ६५,००,०००।- | | | |
| | गत वर्षको बैक मौज्दात | ०,७५,००,०००।- | | | |
| | **जम्मा** | २,४०,००,०००।- | | | |
| | **कुल जम्मा बजेट :** | **४६,२६,३२,४३७।-** | | **कुल जम्मा व्यय** | **४६,२६,३२,४३७।-** |

संघीय सरकार र प्रदेश सरकारबाट थप अख्तियारी स्वरूप प्राप्त हुने बजेट रकमलाई बजेटमा समावेश गर्दै लगिनेछ ।

माथि उल्लेखित नीति तथा कार्यक्रमहरूलाई आर्थिक वर्ष ०७८/०७९ मा सम्बोधन गर्न प्राप्त स्रोत र साधनलाई अधिकत्तम सदुपयोग गर्ने गरी बजेट विनियोजन गरिएको बजेटको संक्षिप्त झलक प्रस्तुत गर्न चाहन्छु । साथै बजेट विनियोजनको विस्तृत विवरण विनियोजन विधेयक, २०७८ गाउँसभामा पेश गरिने ब्यहोरा जानकारी गराउन चाहन्छु ।

बगनासकाली गाउँपालिकाका ९ वटै वडाबाट बस्तीस्तरका योजना छनौट गरी प्राथमिकताका आधारमा योजना तथा कार्यक्रम छनोट तथा रकम विनियोजनको प्रस्ताव गर्न वडा समितिलाई नै अधिकार प्रत्यायोजन गरी देहाय बमोजिमका वडाहरूमा देहाय बमोजिम बजेट सिलि, अनुसार प्राप्त भएका योजना तथा कार्यक्रम गाउँकार्यपालिकाको बैठकद्वारा पारित गरी गरिमामय सभा समक्ष प्रस्ताव गरिएको छ ।

| क्र.स | वडा नं | जम्मा रू |
|---|---|---|
| 1 | बगनासकाली वडा नं ० | 58 nfv |
| 2 | बगनासकाली वडा नं २ | 51 nfv |
| 3 | बगनासकाली वडा नं ३ | 51 nfv |
| 4 | बगनासकाली वडा नं ४ | 51 nfv |
| 5 | बगनासकाली वडा नं ५ | 51 nfv |
| 6 | बगनासकाली वडा नं ६ | 58 nfv |
| 7 | बगनासकाली वडा नं ७ | 51 nfv |
| 8 | बगनासकाली वडा नं ८ | 38 nfv |
| 9 | बगनासकाली वडा नं ९ | 51 nfv |
| | **जम्मा** | **4 s/f]* 60 nfv** |

**यस आ.व.मा बजेट विनियोजनको लागि प्रस्ताव गरिएका महत्वपूर्ण योजना कार्यक्रम देहाय बमोजिम उल्लेख गरिएको छ ।**

०) समपुरक कोष (प्रदेश/संघ) का लागि रू. २ करोड २५ लाख विनियोजन प्रस्ताव गरिएकोछ ।

२) गाउँपालिकाको प्रशासनिक भवन निर्माणको सुरुवात गरिनेछ । साथै भवन निर्माणका लागि रू. ० करोड ७५ लाख प्रस्ताव गरिएकोछ ।

२) यस चालु आ.व.मा **कोभिड- ०९** कोरोना भाइरसको महामारीले विषम परिस्थिती सिर्जना गरिरहेको तथ्यलाई मध्य नजर गर्दै महामारी रोकथाम नियन्त्रण, व्यवस्थापन लगायत अन्य विपद् व्यवस्थापनलाई संम्बोधन गर्ने गरी रू. ० करोड विनियोजन प्रस्ताव गरिएको छ ।

३) **कोभिड - ०९** कोरोना भाइरस संक्रमणको संवेदनशिल अवस्थालाई मध्यनजर गर्दै स्वास्थ्य तर्फ रू. ४० लाख विनियोजन प्रस्ताव गरिएको छ ।

४) बगनासकाली गाउँपालिकालाई लुम्बिनी प्रदेशको पहिलो बालमैत्री गाउँपालिका घोषणा गरिएको छ । साथै अभियानलाई आ.व.०७८/०७९ कार्यक्रमलाई निरन्तरता दिन यस वर्ष कुल रकम रू. २५ लाख विनियोजन गरी भविष्यका कर्णधार बालबालिकाको लागि लगानीका लागि प्रस्ताव गरिएको छ ।

५) आर्थिक विकासको पाटो गाउँपालिका स्तरीय कृषि विकास तर्फ रू. २५ लाख, पशु विकास तर्फ रू. २० लाख विनियोजन प्रस्ताव गरिएको छ । कृषि र पशुमा गरिने लगानीबाट रोजगार सिर्जना भई आत्मनिर्भर तर्फ उन्मुख हुने अपेक्षा गरिएको छ ।

७) शैक्षिक गुणस्तर सुधार गर्न र शैक्षिक गतिविधि संचालनको लागि रू. २० लाख विनियोजन गरिएको छ।

८) युवाहरूको लागि रोजगारी सिर्जना गर्न बैंक मार्फत साझेदारी गरी स्वरोजगारी अभियान संचालन गर्न सहुलियत दरमा ऋण उपलब्ध गराउने व्यवस्था गरिएकोछ ।

९) खानेपानी लिफ्ट, अनुदान विद्युत महसुल अनुदानलाई बृद्धि गरी कुल विद्युत महसुलको ५० प्रतिशतले हुने रकम उपभोक्ता समितिलाई उपलब्ध गराईनेछ । लिफ्ट खानेपानी आयोजनाका मोटर बिग्री मर्मत नहुने अवस्था सिर्जना भएमा खरिद गर्न ६० प्रतिशत रकम अनुदान उपलब्ध गराउनको लागि रकम विनियोजन गर्न प्रस्ताव गरिएको छ ।

००) शिक्षा, स्वास्थ्य, पर्यटन, युवा तथा खेलकुद, गरिबी निवारण, सहकारी, सामाजिक परिचालन, सुचना तथा संचार, बालबालिका, महिला, जेष्ठ नागरिक, आदिवासी जनजाती, अपा, , सिमान्तकृत बोटे र कुमाल जातीलाई समेत मध्यनजर राखी प्राप्त स्रोत साधनको दायरा भित्र रहेर कार्यक्रम तथा बजेटद्धारा यथोचित सम्बोधन गर्ने प्रयास गरीएको छ ।

००) अभिभावक बिहिन बालबालिकाहरूको स्याहार सम्भार र शिक्षाको निम्ति मासिक रू.०००० का दरले राहत रकम उपलब्ध गराउन बालमैत्री कार्यक्रम अन्तर्गत बजेट विनियोजन गरिएको छ ।

०२) बिगतका अधुरा योजनाहरूलाई पुरा गर्नेगरी प्राथमिकता दिई बजेट विनियोजनको प्रयास गरिएको छ ।

०३) वडाहरूबाट आवश्यकता पहिचान भई आएका बजेट विनियोजन भई प्रस्ताव भई आएका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकता दिई निर्णयार्थ सभामा स्विकृतीको लागि प्रस्ताव गरिएको छ ।

०४) पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न गाउँपालिकामा कार्यरत स्थायी राष्ट्रसेवक कर्मचारीलाई ०५ दिनको पारिश्रमिक बराबरको रकम सहित पर्यटन काज उपलब्ध गराइनेछ,

०५) राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघीय सरकार र लुम्बिनी प्रदेश सरकार अनुरूप २०७८ श्रावण ० गते देखि लागु हुने गरी सबै राष्ट्रसेवक र करार सेवामा कार्यरत कर्मचारीको तलबमानमा मासिक रू. २,०००।-( दुई हजार मात्र) वृद्धि गरिएको छ । हाल प्रदान गरिएको महंगी भत्तालाई निरन्तरता दिइएकोछ,

०६) गाउँपालिकाभित्र रहेका बेरोजगार जनशक्तिहरूलाई सीप, उद्यमशील क्षमताको विकास, तालिम प्रदान गरी व्यवसाय सञ्चालन गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गरी स्वरोजगार बनाउन तथा रोजगार सिर्जना गरी बेरोजगारी समस्याको न्यूनीकरण एवं गरिबी निवारण गर्ने उद्धेश्यले बगनासकाली गाउँपालिकाले नेपाल बैंक लिमिटेडसंग सम्झौता गरी स्वरोजगार कार्यक्रमको शुरूवात गरिएको छ ।

०७) प्रारम्भिक बालविकास केन्द्रका शिक्षिका र विद्यालय कर्मचारीलाई नेपाल सरकारले निर्धारण गरे बमोजिम रू. ०५ हजार न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गराइनेछ । नेपाल सरकारले हाल उपलब्ध गराउँदै आएको मासिक पारिश्रमिकमा अपुग हुने रकम गाउँपालिकाको आफ्नै आन्तरिक श्रोतबाट व्यवस्था गरीनेछ ।

उपरोक्त नीति, कार्यक्रम तथा बजेट सम्बन्धमा सभाका सम्पुर्ण सदस्यहरूको रचनात्मक, सल्लाह र सुझावको अपेक्षा गरेको छु । गाउँपालिकामा उपलब्ध स्रोत र साधनले धान्न नसकेका आयोजनाहरूलाई केन्द्र तथा प्रदेशमा पठाइनेछ । गाउँपालिकाको समष्टिगत विकासको लागि गाउँपालिकाबासी सरोकारवाला सबैको चासो र सहभागिता जरूरी छ । तसर्थ सहभागितामूलक योजना छनोट प्रक्रियामा बस्तीस्तर देखि नै सरोकारवालाहरूले छनोट गरी वडा समिति मार्फत प्राथमिककरण गरी आएका योजना तथा कार्यक्रमलाई गाउँकार्यपालिकाले समेत प्राथमिकताको आधार बनाएको छ । आ.व.२०७८/७९ को वार्षिक नीति कार्यक्रम तथा बजेट तयार गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने वडाअध्यक्षज्यूहरू, योजना तर्जुमा समितिका सदस्यज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, विषयगत समितिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, लगायत सम्पूर्ण कर्मचारीहरूमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

सिमित स्रोत, साधनलाई अधिकतम सदुयोग गर्न तथा रचनात्मक सुझावका लागि सबैसँग हार्दिकता पुर्वक आग्रह गर्दछु । हामीले प्रस्ताव गरेका नीति, कार्यक्रम र बजेटका सन्दर्भमा विनियोजन विधेयक २०७८ का रूपमा **दशौं गाउँसभा** पेश हुनेछ र घनिभुत रूपमा छलफल, बहस गरी विधेयकलाई पास गरी विनियोजन ऐनको रूपमा सरोकारवाला सबैलाई उपलब्ध गराईनेछ । अन्तमा, नीति, कार्यक्रम तथा बजेट तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबै आदरणीय महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**जय, बगनासकाली ।**

**सरस्वती चिदी**

**उपाध्यक्ष**

**मिति २०७८/०३/०९**